**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**<u>फैसला</u>**

२०७६/०७७ सालको निर्णय नं. ४०

पुनरावेदन नं. ०७४-RB-०१३४

**मुद्दाः-मूल्य अभिवृद्धि कर (२०६६/०६७।**

काठमाडौ जिल्ला काठमाडौ म.न.पा.वडा नं३२ कालिकास्थान स्थित स्थायी लेखा नं.३०००८५९०५ का प्रिज्मा एडभरटाईजिङ को तर्फबाट ऐ.का प्रोपाइटर ऐ.ऐ.बस्ने रन्जित राज आचार्य ............................................१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाडौ. ................................ १
आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१ हाल आन्तरिक राजस्व कार्यालय पुतलीसडक काठमाडौ.................................................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री डासीराम खनाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत

**<u>शुरु निर्णय गर्ने कार्यालयः श्री आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं.१ काठमाडौ</u>**

शुरु निर्णय गर्ने पदाधिकारीः –प्रमुख कर प्रशासक श्री शोभाकान्त पौडेल ।

शुरु निर्णय मितिः २०७१/०६/३०

**<u>प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री चुडामणी शर्मा

निर्णय मितिः २०७३।०३।२०

यसमा आन्तरिक राजस्व कार्यालय ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३२ बमोजिम

यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. करदाता प्रिज्मा एडभरटाईजिङको आ.ब.२०६६/०६७ को कर परिक्षण गर्ने सिलसिलामा आफ्नो कारोबारलाई पुष्ट्याइ गर्ने आवश्यक विवरण तथा कागजातहरु १५ दिनभित्र पेश गर्नु भनी प्रिज्मा एडभरटाईजिङका नाममा आन्तरिक राजस्व कार्यालयबाट मिति २०७१/२/२१ मा गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएकोमा म्यादभित्र करदाता सम्पर्कमा आई आवश्यक कागजात तथा खाताबहीहरु पेश गरेको पाइएन ।

२. करदाताले शंकास्पद करदाताहरु क्रमशः मारुती एडभरटाईजिङ र सनराईज एडभरटाईजिङ संग खरिद देखाई मू.अ.कर दावी गरेकोमा उक्त क्रेडिट पुष्टी गर्ने एकाउन्टपेयी चेक लगायतका प्रमाणहरु कर परिषणका बखत पेश नगरेकोले उक्त खरिद वास्तविक खरिद हो भन्ने एकिन हुन नसकी अवास्तविक र झुठ्ठा बिजकहरुबाट करकट्टी दावी गरेको देखिँदा शंकास्पद फर्मसंग देखाएको उक्त खरिद तथा दावी गरेको मू.अ.कर क्रेडिट रु.७,५८,८६१/३३ अमान्य गरी मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा २०(१) ग बमोजिम शत प्रतिशत जरिवाना शुःल्क र व्याज समेतको प्रारम्भिक कर निर्धारण गर्नु पर्ने भन्ने मिति २०७१/६/१२ को कर परिपक्षण प्रतिवेदन ।

३. करदाता सम्पर्कमा आइ आवश्यक कागजातहरु तथा कारोबार पुष्ट्याइ गर्ने विवरणहरु पेश नगरेकोले पेश भए सम्मका कागजातहरुको परिक्षण तथा कर लेखा परिक्षण प्रतिवेदन समेतको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) (ग) बमोजिम मूल्य अभिवृद्धि कर जरिवाना थप दस्तुर समेत जम्मा रु.२३,५०,१६०/- को प्रारम्भिक कर निर्धारण आदेश मिति २०७१/६/१३ मा जारी भएकोमा उक्त कर निर्धारण आदेश जारी हुनु नपर्ने कुनै ठोस प्रमाण भए १५ दिन भित्र पेश गर्नु भनी हुलाकबाट रजिष्ट्री गरी करदाताका नाममा सुचना जारी भइ गोरखापत्र दैनिकमा मिति २०७१/६/१४ मा सुचना प्रकाशित भएकोमा म्याद भित्र कुनै जवाफ पेश गरेको पाइएन ।

४. कर परिक्षणका लागी प्रस्तुत करदातालाई पटक पटक सम्पर्क गर्ने प्रयास गर्दा करदाता सम्पर्कमा आइ आफ्ना कागजातहरु तथा खातावहीहरु समेत पेश गरेको नपाइएको हुँदा करदाताको फायलसाथ संलग्न रेकर्ड अनुसार शंकास्पद करदाताहरु मारुती एडभरटाईजिङ र सनराइज एडभरटाईजिङ संगको खरिदमा दावी गरेको मू.अ.कर क्रेडिट रु७५८८६२/- एकाउन्ट पेयी चेक लगायतको भुक्तानीबाट पुष्टी हुन नसकेकोले उक्त खरिद वास्तविक खरिद नै हो भन्न नसकि अवास्तविक र झुठ्ठा बिजकहरुबाट मू.अ.कर क्रेडिट दावी गरेको देखिएकवले उक्त क्रेडिट दावी अमान्य गरी मू.अ.कर रु.७,५८,८६२/ र सो को शत

प्रतिशत जरिवाना समेत जम्मा तथा थप दस्तुर र व्याज समेत माग गर्ने गरी आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं.१ काठमाडौंबाट मिति २०७१/०६/३० मा भएको निर्णय पर्चा ।

५. आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१ काठमाडौंबाट मिति २०७१/०६/३० मा भएको मूल्य अभिवृद्धि कर निर्धारण आदेशमा चित्त नबुझी प्रिज्मा एडभरटाईजिङले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७१/०९/०९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१ काठमाडौले मिति २०७१/६/३० का गरेको मूल्य अभिवृद्धि कर निर्धारण सम्बन्धी निर्णय कानुन सम्मत भएको भन्ने आन्तरिक राजस्व विभागबाट मिति २०७३/३/३० मा भएको निर्णय ।

७. यसमा प्रत्यर्थी शुरु कार्यालयबाट २०७१/६/१४ मा कर निर्धारण हुनु नपर्ने प्रमाण कागज समेत १५ दिन भित्र पेश गर्नु भनी सुचना  जारी गरी हुलाकबाट पठाएको र सुचना समेत प्रकाशित भएको रहेछ । उक्त सुचना मिति २०७१/६/२७ मा प्राप्त गरी जवाफ पेश गर्न म्यादै भित्र २०७१/७/१० मा जाँदा २०७१/६/३० मै संशोधित कर निर्धारण भएको जानकारी गराएको हुँदा सफाईको मौका नदिई गरेको कर निर्धारणको आदेशमा चित्त नबुझि प्रशासकिय पुनरावलोकनको निवेदन गरेकोमा सफाईको मौका नदिएको भन्न नमिल्ने भनी शुरु कार्यालयबाट भएको निर्णय नै सदर गरी निर्णय भएको प्रचलित कर कानुनको मर्म र भावना विपरित भएको हुँदा बदर गरी पाउँ ।खरिदमा तिरेको सम्पुर्ण कर आफुले तिर्नु पर्ने करमा कट्टी गर्न पाउने व्यवस्था भए बमोजिम मारुती एडभरटाईजिङ र सनराईज एडभरटाईजिङ मार्फत खरिद गरेको बस्तु तथा सेवामा तिरेको मूल्य अभिवृद्धि करलाई अवस्तविक र झुठ्ठा बिजकको संज्ञा दिई अनुमान र हचुवाको भरमा एकाउन्टपेयी चेक लगायतको भुक्तानी समेतबाट पुष्टी हुन नसकेको भनी मूल्य अभिवृद्धि कर निर्धारण गर्ने गरी मिति २०७१/६/३० मा भएको शुरु आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१ काठमाडौको निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३/३/२० मा भएको निर्णय बदर गरी पाउँ भन्ने समेत यस न्यायाधिकरणमा मिति २०७५/०१/११ मा दर्ता भएको पुनरावेदनपत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७६/०३/११ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री डासीराम खनालले प्रत्यर्थी कार्यालयबाट पुनरावेदक कम्पनीको कर परिक्षणको सन्दर्भमा २०६८/२/८, २०६८/११/२३ पेश गरेको तर पुन पछी २०७१/२/१० मा पत्र काटी २०७१/२/२६ मा विवरण पेश

गरेको पुन २०७१/६/१४ मा पत्र काटी पत्रिकामा प्रकाशित गरेको र हुलाकबाट समेत पुनरावेदकको नाममा पठाएको पत्र प्राप्त गरी म्याद भित्रै लिखित जवाफ पेश गर्न जाँदा सुनुवाईको मौका नदिइ म्याद अगाडी नै कर निर्धारण भएको छ । एउटै विषयमा पटक पटक विवरण माग गरिएको र अन्तिम पटक जवाफ पेश नगरेको भनी कर निर्धारण भएको छ । मारुती एडभरटाईजिङ र सनराईज एडभरटाईजिङ संग खरिद गरेको रकमको एकाउन्टपेयी चेक लगायतका प्रमाणकागज नभएको खर्च कट्टी नदिन मिल्दैन खर्च अ.ल्या गरी अर्को बर्ष भुक्तानी गरेको हो खरिद यथार्थ हो । लेखा परिक्षणले पेश गरेको आर्थिक विवरण मान्य हुने, कर कट्टी दिने तर ह्रास खर्च नदिने गर्न मिल्ने हुँदैन तसर्थ कर कानुनको मर्म र भावना विपरित कर निर्धारण गर्ने गरी शुरु कार्यालय र प्रशासकिय पुनरावलोकनको निर्णय बदर गरी पाउँ भनी र प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौका विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेतले पत्रिकामा प्रकाशित भएको सुचनाको म्याद भित्र जवाफ पेश नगरकेको, मारुती र सनराईज एडभरटाईजिङ संगको कारोबार एकाउन्टिपेयी चेक लगायतको प्रमाणबाट पुष्टी नभएको केही रकम अ.ल्या. गरिएको भनिएको तर खर्च दावी गरिएको कारण मुल्य अभिवृद्धि कर तर्फ क्रेडिट दावी झुट्टा भएको हुँदा मुल्य अभिवृद्धि कर र सो को जरिवाना समेत माग गर्ने गरी भएको शुरु कार्यालयको निर्णय नै सदर गरेको प्रशासकिय पुनरावलोकनको निर्णय कानुन सम्मत हुँदा सदर कायम हुनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो।

१०. उपरोक्तानुसार दुवै पक्षका विद्धानहरुको बहस जिकीर सुनी शुरु मिसिल र पुनरावेदन मिसिल संलग्न कागजात हेरी शुरुको निर्णय मिले नमिलेको के रहेछ, पुनरावेदकको जिकीर पुग्न सक्ने हो होईन? भनी हेर्दा निम्नानुसार देखिन आयो ।

११. निर्णयार्थ विचार गर्दा आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१ बबरमहलबाट जारी भएको पर्चामा कर परिक्षणको लागी करदाता संस्थासंग बारम्बार सम्पर्क गर्ने प्रयास गर्दा सम्पर्क नभएकोले करदाता संस्थाको नाममा आफ्नो कारोबारलाई पुष्ट्याइ गर्ने आवश्यक विवरण र कागजात समेत पेश गर्न राष्ट्रिय दैनिक गोरखापत्रमा मिति २०७१/२/२१ मा सूचना प्रकाशित गरेकोमा कागजात र खाताबही पेश नगरेको हुँदा मूल्य अभिवृद्धिकर ऐन,२०५२ को दफा २०(१)(ग) बमोजिम कर निर्धारण गरी कानून बमोजिमको जरिवाना थप दस्तुर तथा व्याज समेत गरी रु.२३,५०,१६०/- को प्रारम्भिक कर निर्धारण आदेश भएको देखिन्छ । उक्त प्रारम्भिक कर निर्धारण हुनु नपर्ने वा परिवर्तन गर्नु पर्ने कुनै प्रमाण भए म्याद भित्र पेश गर्न करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्रि गरी पत्र पठाईएको साथै मिति २०७१/६/१४ गते सो को सूचना राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन गरिएकोमा उल्लेखित म्याद भित्र करदाताले जवाफ पेश नगरी शुरु

कर निर्धारण आदेशलाई स्वीकार गरेको हुँदा करदाताको फाईल साथ संलग्न रेकर्ड अनुसार शंकास्पद करदाताहरु मारुती एडभरटाईजिङसंगको खरिदमा दावी गरेको मूल्य अभिवृद्धि कर क्रेडिट रु.७,५८,८६२/- पुष्टी हुन नसकेकोले उक्त क्रेडिट अमान्य गरी मु.अ.कर ऐन,२०५२ को दफा २०(१) (ग) बमोजिम कर निर्धारण गरी सो मा जरिवाना थप दस्तुर र व्याज सहित माग गर्ने गरी मिति २०७१/६/३० मा अन्तिम कर निर्धारण निर्णय भएको र सो निर्णय आन्तरिक राजस्व विभागबाट समेत मिति २०७३/३/२० मा सदर भएको पाइयो ।

१२. उल्लेखित निर्णयमा चित्त नबुझाइ पुनरावेदक करदाताले यस न्यायाधिकरण समक्ष पुनरावेदन गर्दा शुरु आन्तरिक राजस्व कार्यालयले गरेको संशोधित कर निर्धारण आदेशको सूचना मिति २०७१/६/१४ मा गोरखापत्रमा जारी गरेको र जारी गरेको १५ दिनभित्र आदेश बमोजिमको कर निर्धारण हुनु नपर्ने कारण भए पेश गर्न भनी अवधी तोकिएको, सो दिन दशै विदाको अघील्लो दिन परेको, प्रत्यर्थी कार्यालयले पठाएको आफ्नो नामको रजिष्ट्री पत्र प्राप्त भएको मितिले कानूनको म्यादभित्र लिखित जवाफ लिइ जाँदा गोरखापत्रमा प्रकाशित सूचनाको आधारमा अवधी नाघी अन्तिम कर निर्धारण नै भैसकेको हुँदा लिखित जवाफ लिन नमिल्ने जवाफ प्राप्त भएकोले संशोधित कर निर्धारण आदेश हुँदा माग भएको आफ्नो दावी अनुसार खर्चको पुष्ट्याइ गर्ने प्रमाण कागजात लगायत सफाई पेश गर्ने मौका समेत नदिई प्रत्यर्थी कर कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व बिभागबाट भएको आदेश नमिलेकोले उक्त आदेश उल्टी बदर हुनु पर्ने भन्ने पुनरावेदन दावी जिकिर लिएको पाइयो ।

१३. सर्वप्रथम प्रत्यर्थी कार्यालयले जारी गरेको सूचना बमोजिम आफ्नो सफाई समेत पेश गर्न नपाएको भन्ने पुनरावेदन जिकिर संम्बन्धमा विचार गर्दा प्रत्यर्थी आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१ बबरमहले मिति २०७१/६/१४ मा मू.अ.कर ऐन,२०५२ को दफा २०(१)(ग) बमोजिम कर जरिवाना थप दस्तुर तथा ब्याज समेत निर्धारण गर्ने गरी सूचना प्रकाशित गरेको हुलाक मार्फत रजिष्ट्रि गरी पुनरावेदक करदातालाई आफ्नो प्रतिउत्तर पेश गर्न मौका दिएकोमा विवाद देखिदैन । कानूनी तवरमा भन्नु पर्दा पुनरावेदक करदाताले आफ्नो सफाई पेश गर्न गोरखापत्रमा नै सूचना निस्किएपछी त्यसको जानकारी पाएको मान्नु पर्ने तथ्यमा विवाद देखिदैन । तर प्रत्यर्थी कार्यालय स्वयंले यसरी सूचना प्रकाशित गर्नुको अलावा पुनरावेदक करदाताको नामको रजिष्ट्री पत्र समेत पठाएको भनी आफ्नो निर्णय पर्चामा उल्लेख गरेको देखिन्छ । राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको दिनबाट अवधी गणना हुन्छ वा रजिष्ट्री पत्र प्राप्त भएका मितिबाट अवधी गणना हुन्छ । प्रस्तुत मुद्दामा रजिष्ट्री पनि गरीएको र सूचना पनि

प्रकाशित भएको हुँदा रजिष्ट्री पत्र करदाताले कहिले प्राप्त गर्यो उक्त मितिलाई अनदेखा गर्न कानुनतः मिल्ने हुँदैन । त्यसको अलावा सूचना जारी भएको महिना तथा दिनलाई सामाजिक परिप्रेक्ष्यमा समेत हेरिनु पर्ने हुन्छ । प्रस्तुत मुद्दामा जुन दिन गोरखापत्रमा सूचना प्रकाशित भएको देखिन्छ सो दिन आश्विन महिनाको १४ गते बडा दशैको समयको फूलपातीको अघील्लो दिन परेको र दशै विदाको लागी सरकारी कार्यालय बन्द हुने ठिक अघिल्लो दिन हो । तर सामाजिक परिप्रेक्ष्यमा हेर्ने हो भने यो महिना आम नेपालीले सरकारी कार्यालयबाट के कस्तो सूचना जानकारी निस्कियो भन्ने तर्फ भन्दा पनी दशैं तिहार उत्सव मनाउने मनस्थितिमा रहेको हुन्छ । यस दृष्टीकोणबाट हेर्दा प्राविधिक तबरमा करदाताको नाममा सूचना जारी भए पनि करदाता त्यसको जानकारी लिने मनस्थितिमा रहदैन । यस परिप्रेक्ष्यमा दशैको मुखैमा जारी भएको सूचना भन्दा पनि आफ्नो नामको रजिष्ट्री पत्र पाएको दिनबाट सफाई पेश गर्ने अवधी गणना गर्नु मनासिव देखिँदा प्रत्यर्थी कर कार्यालयबाट गोरखापत्रमा सूचना प्रकाशित भएको मितिलाई आधार लिई करदातालाई आफ्नो आधार प्रमाण पेश गर्न दिनु पर्नेमा सफाई पेश गर्ने प्रभाब कारी मौका दिए विना भएको निर्णय कानूनसम्मत मान्न मिलेन ।

१४. जहाँसम्म करदाताले खरिदमा दावी गरेको मूल्य अभिवृद्धी कर क्रेडिट एकाउन्टपेयी चेक लगायतको भुक्तानी समेतबाट पुष्टी हुन नसकेकोले उक्त खरिद अवास्तविक र झुठ्ठा बिजकहरुबाट दावी गरेको भन्ने प्रत्यर्थी कर कार्यालयको निर्णयाधर तथ्यपरक होइन छैन भन्ने पुनरावेदन जिकिर तर्फ विचार गर्दा प्रत्यर्थी कर कार्यालयले शंकास्पद करदाताहरु भनी मारुती एडभरटाईजिङ र सनराईज एडभरटाईजिङलाई इंगित गर्दै तत् फर्मसंग करदाताले खरिदमा दावी गरेको मू.अ.कर क्रेडिट रु.७,५८,८६२/- एकाउन्टपेयी चेक लगायतको भुक्तानी हुन नसकेको र उक्त खरिद वास्तविक खरिद नै हो भन्ने यकिन हुन नसक्दा अवास्तविक र झुठ्ठा बिजकहरुबाट मू.अ.कर क्रेडिट दावी गरेको हो भन्ने निर्णय नै अनुमानमा आधारित रहेको देखिन्छ । प्रत्यर्थी कार्यालयको निर्णयमा बोलिएको व्यहोरा हेर्दा एकातिर वास्तविक खरिद नै हो भन्ने यकिन हुन नसकेको भन्ने छ भने त्यसको परिणाम त्यस्तो दावी अवास्तविक र झुठ्ठा बिजकहरुबाट मू.अ.कर क्रेडिट दावी गरेको भन्ने देखिन्छ । यसरी प्रत्यर्थी कर कार्यालयले कसुरदारलाई प्रष्टसंग उल्लेख गर्न सकेको देखिँदैन वास्तविक खरिद नै हो भन्ने एकिन नहुने बित्तिकै त्यो झुठ्ठा बिजकबाट खरिद दावी गरिएको भन्ने व्यहोराले निर्णयमा  बोलिनुपर्ने निश्चिततालाई समेटदैन ।

१५. प्रत्यर्थी कर कार्यालयले निर्णय पर्चामा करदाताले कुनै जवाफ पेश नगरेको हुँदा करदाताको फाईलसाथ संलग्न रेकर्ड अनुसार निर्णयमा पुगेको भन्ने उल्लेख गरेको देखिन्छ । यस परिप्रेक्ष्यमा भन्नु पर्दा करदाताको सफाई सबुद बिना यो निर्णय भएको हुँदा पुनरावेदनपत्र साथ पेश हुन आएको सम्बन्धित फर्मको लेजर खाता तथा बिजकको

प्रतिलिपि समेतलाई हेर्दा तत फर्महरुबाट खरिद भएको सामान एवं सेवा उपभोग गरे वापत करदाताबाट भुक्तानी दिँदा मूल्य अभिवृद्धि कर समेत कट्टी भएको देखिनछ । मूल्य अभिवृद्धि कर ऐन ,२०५२ को दफा १७(१) बमोजिम निर्णय पर्चामा उल्लेखित दुइ फर्मबाट बस्तु वा सेवा खरिद गरेवापत करदाताले भुक्तानी दिँदा भएको मासिक रुपमा गर्नु पर्ने र त्यसलाई प्रमाणित गर्दै जानु पर्ने व्यवस्था समेत कानूनी तवरमा व्यवस्था भएको देखिन्छ। यसै सन्दर्भमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(८ मा भएको व्यवस्था हेर्ने हो ने लगातार छ महिनासम्म कर विवरण पेश नगर्ने करदाताको नाम सार्वजनिक गरिनेछ र त्यस्ता करदाताको करकट्टी गर्नु पर्ने रकम बाँकी भए रोक्का राख्ने र निजको दर्ता समेत निलम्बन गर्न सकिने व्यवस्था भएको पाइन्छ । यस व्यवस्था अनुसार सम्बन्धित कर कार्यालयले आवधिक रुपमा कर कट्टी गराउने तर्फ सजग भइ समयमा नै कर कट्टी सम्बन्धी निर्धारित प्रकृया अबलम्बन गर्नुपर्ने तर्फ समेत दत्त चित्त हुनुपर्नेमा प्रस्तुत मुद्दामा त्यसरी समयमै कर कट्टी नभएको औंल्याइएको देखिँदैन । यसको अलावा करदाताले वस्तु वा सामान खरिद गरे वापत मारुती एडभरटाईजिङ र सनराईज एडभरटाईजिङ लाई भुक्तानी गरेको करकट्टीलाई आफ्नो खरिद खातामा उल्लेख गरी मुल्य अभिवृद्धि कर मास्केवारी दाखिला गरेको मिसिल संलग्न कागजातबाट पुष्टी भै रहेको अवस्थामा पुनरावेदन जिकिर अन्यथा हो भन्न सकिने अवस्था देखिएन।

१६. अतः माथी उल्लेखित आधार कारणबाट स्थायी लेखा नं.३०००८५९०५ भएका पुनरावेदक करदाता प्रिज्मा एडभरटाईजिङको आ.ब.२०६६/०६७ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा शुरु आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१ (हाल आन्तरिक राजस्व कार्यालय पुतलीसडक) बाट मिति २०७१/६/३० मा भएको निर्णय र सो लाई समर्थन गर्ने गरी आन्तरिक राजस्व बिभागबाट मिति २०७३/३/२० मा भएको निर्णय मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । तपशिल बमोजिम गर्नू।

तपशिल

माथी ठहर खण्डमा लेखिए बमोजिम करदाता प्रिज्मा एडभरटाईजिङको आ.ब.२०६६/०६७ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा शुरु आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१ (हाल आन्तरिक राजस्व कार्यालय पुतलीसडक) बाट मिति २०७१/६/३० मा भएको निर्णय र सो लाई समर्थन गर्ने गरी आन्तरिक राजस्व बिभागबाट मिति २०७३/३/२० मा भएको निर्णय उल्टी हुने ठहरेको हुँदा सो सम्बन्धमा करदाताले

राखेको धरौट रकम पुनरावेदकले फिर्ता माग गरे फिर्ता दिनु वा अन्य आ.ब.को कर रकममा समायोजन गरिदिनु भनी शुरु आन्तरिक राजस्व कार्यालय पुतलीसडकमा लेखी पठाईदिनू-------------------------------------------------------------------------------१

विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई फैसलाको जनाउ दिनू।...............२
सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू।...........................३
फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।...............................................४

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवनकुमार घिमिरे
(राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u>

विश्वराज कुइकेल (शाखा अधिकृत)
इति सम्वत् २०७६ साल असोज महिना ५ गते रोज १ शुभम् ...........................